फेब्रुअरी १६, २०१७

प्रिय डिपिएस परिवारहरू :

हाम्रो ९०,००० भन्दा बढीको विविधतापूर्ण समुदायमा, हाम्रा धेरै विद्यार्थीहरू र परिवारहरू आप्रवाश सम्बन्धी राष्ट्रिय परिदृश्यका बारेमा तीब्र व्यक्तिगत प्रश्नहरू, चासोहरू र डरहरूसँग सङ्घर्ष गरिरहेको हामी पहिचान गर्दछौँ । हाम्रो महत्वपूर्ण लक्ष्य – र कानुन अनुसारको हाम्रो दायित्व – के हो भने हाम्रा स्कूलहरू त्यस्ता सुरक्षित स्थानहरू होउन् जहाँ विद्यार्थीको जात, नश्लियता, धर्म र आप्रवाशी स्थितिले सो विद्यार्थीको शिक्षामा कुनै बाधा सिर्जना नगरोस् । हाम्रो लक्ष्यलाई मद्दत गर्नका लागि, हामी आप्रवाशी स्थिति र हाम्रा विद्यार्थीहरूलाई विभेद र उत्पीडनबाट सुरक्षा दिने हाम्रो प्रतिबद्धताका विषयमा निम्नलिखित प्रश्नहरूको जबाफ साझा गर्न चाहन्छौँ ।

**तपाईंका प्रश्नहरूको उत्तर :**

**प्रश्न : दस्तावेज बिनाको आप्रवाशी स्थितिले मेरो बच्चाको शिक्षामा कस्तो असर पार्दछ ?**

**उत्तर :** कती पनि पार्दैन । उनीहरूको वा उनीहरूका अभिभावकहरूको आप्रवाशी स्थिति जे भए पनि विद्यार्थीहरूले शिक्षामा समान पहुँच राख्न पाउनु उनीहरूको संवैधानिक अधिकार हो । यो अधिकार राष्ट्रपतिले वा राज्यले वा फेडेरल विधानसभाले खोस्न सक्तैन ।

**प्रश्न : के डेनभर पब्लिक स्कूल्सले बच्चा भर्ना हुँदा उसको वा उनको आप्रवाशी स्थिति सोध्छ ?**

**उत्तर :** सोध्दैन । डिपिएस जस्ता पब्लिक स्कूल डिस्ट्रिक्टहरूको विद्यार्थीहरूलाई उनीहरूको आप्रवाशी स्थिति जेसुकै भए पनि तथा जात, रङ वा उत्पत्ति राष्ट्रका आधारमा विभेद नगरी भर्ना लिनु पर्ने दायित्व हुन्छ ।

**प्रश्न : के स्कूल डिस्ट्रिक्टले कहिल्यै हाम्रा विद्यार्थीको आप्रवाशी स्थिति फेडेरल आप्रवाशी अफिसियलहरूसँग साझा गर्छ ?**

**उत्तर :** माथि उल्लेख भए अनुसार, विद्यार्थीहरू भर्ना हुँदा हामी उनीहरूको आप्रवाशी स्थिति माग्दैनौँ । यद्यपि, यदि हामीलाई विद्यार्थीको आप्रवाशी स्थिति नभएको कुरा थाहा भयो भने, हामी सो जानकारी अमेरिकी नागरिकता र आप्रवाशी सेवाहरू ( युएससिआइएस) सँग साझा गर्दैनौँ । यदि हामीलाई विद्यार्थीको जानकारीका लागि अनुरोध प्राप्त भयो भने, डिपिएसको कानुनी कार्यालयले हाम्रा सबै विद्यार्थीहरूका संवैधानिक र कानुनी अधिकारहरूको रक्षा गर्न र तिनीहरूको जानकारी गोप्य राख्न सङ्घर्ष गर्नेछ ।

**प्रश्न : के स्कूल परिसरमा कुनै आप्रवाशी कार्यान्वयन कार्बाहीहरू हुन्छन् भनी हामी जान्न सक्छौँ ?**

**उत्तर :** आजसम्म, हामीलाई यो विश्वास छ कि फेडेरल सरकारले त्यो मार्गदर्शन पालना गरिरहेको छ जसले स्कूलहरूलाई आप्रवाशी कार्यान्वयन कार्बाहीहरू नहुने संवेदनशील स्थान भनी निर्धारण गरेको छ ।

**प्रश्न : यदि म आमाबाबु वा अभिभावक हुँ र मेरो बच्चा स्कूलमा भएका बेला मलाई पक्राऊ गरियो भने डर रह्यो भने मैले के गर्नु पर्छ ?**

**उत्तर :** स्कूल चलिरहेका बेला अभिभावकहरूलाई पक्राऊ गरेका खण्डमा, डिस्ट्रिक्टले हाम्रो सङ्कट तथा आकस्मिकता अनुक्रिया समूहहरूलाई हाम्रा विद्यार्थीहरूलाई सहयोग गर्न खटाउँछ । कृपया यो अवसरलाई आफ्नो बच्चाको स्कूलमा वा अभिभावक पोर्टलमा आफ्ना विद्यार्थीहरूका लागि आफ्नो आकस्मिक सम्पर्क जानकारी अध्याबधिक गर्न प्रयोग गर्नुहोस् ।

**प्रश्न : यदि म डिएसिए प्राप्तकर्ता छु भने के हुन्छ ?**

**उत्तर :** डिफर्ड एक्सन फर चाइल्डहुड अराइभल्स (डिएसिए) राष्ट्रपतिद्वारा दिइएको आदेशमा आधारित हुन्छ । नयाँ राष्ट्रपतिले सो आदेश रद्द गर्न सक्छन् । यदि तपाईं डिएसिए प्राप्तकर्ता हुनुहुन्छ भने, आफ्ना लागि सोभन्दा राम्रो आप्रवाशी स्थितिमा पहुँच हुन्छ कि हुँदैन भन्ने कुरा निर्धारण गर्नका लागि अहिले नै आप्रवाशी एटर्नीसँग भेट्ने कुरा विचार गर्नुहोस् । अतिरिक्त जानकारी यहाँ पाउन सकिन्छ ।

**प्रश्न : मेरा आप्रवाशी अधिकारहरूबारे मलाई जान्न मन लागे मैले के गर्नुपर्छ ?**

**उत्तर :** आप्रवाशी एटर्नीहरूले मात्र तपाईंलाई तपाइँको आप्रवाशी स्थिति र तपाइँका पाउनसक्ने तपाइँका कानुनी अधिकारहरूका लागि प्रयाश गर्ने तरिकाहरूबारे सही जानकारी प्रदान गर्न सक्छन्। तपाइँको आफ्नै सुरक्षाका लागि, कृपया नोटारियोहरू वा अन्य लाइसेन्स प्राप्त नगरेका आप्रवाशी एटर्नीहरूको सल्लाह नखोज्नुहोस्। उपलब्ध स्रोतहरूको सूची यहाँ प्राप्त गर्न सकिन्छ। फेरि, तपाईंले यहाँ (अङ्ग्रेजी) वा यहाँ (स्प्यानिस) अमेरिकी आप्रवाशी अधिवक्ता एसोसिएसनबाट आप्रवाशी एटर्नी खोजी गर्न सक्नुहुन्छ।

**प्रश्न : डेनभर पब्लिक स्कूल्सले कुनै पनि विद्यार्थी वा परिवारलाई उनीहरूको जात, नश्लियता, धर्म वा उत्पत्ति राष्ट्रका आधारमा बिभेद नगरिने र उत्पीडित नगरिने कुरा सुनिश्चित गर्न के गर्छ ?**

**उत्तर :** डिपिएस गहन रूपमा समानताको निश्चिततामा विश्वास गर्छ – यो हाम्रो मूलभूत मान्यतामध्ये एक हो। हामीसँग त्यस्ता नीतिहरू यथास्थानमा छन् जसले हाम्रा विद्यार्थीहरू, परिवारहरू वा कर्मचारीहरूलाई जात, नश्लियता, धर्म, राष्ट्रिय उत्पत्ति वा अन्य धेरै संरक्षित श्रेणीका आधारमा विभेद गर्न वा उत्पीडन गर्न दिँदैनन्।

**प्रश्न : यदि मलाई मेरो विद्यार्थी वा म आफैँ विभेद वा उत्पीडनको शिकार भएजस्तो लाग्यो भने मैले के गर्नुपर्छ ?**

**उत्तर :** कृपया त्यस्तो व्यवहार तुरुन्तै स्कुल नेतृत्वकर्ता वा सुपरिन्टेन्डेन्टलाई रिपोर्ट गर्नुहोस्। गुनासोहरू र चासोहरू बोर्ड नीति एसि (यहाँ क्लिक गर्नुहोस्) मा भएका फारामहरू र प्रक्रियाहरू प्रयोग गरेर फाइल गर्न सकिन्छ। हाम्रा स्कूलहरू सुरक्षित स्थानहरू हुन भनी आश्वस्त पार्न हामी यी गुनासाहरूलाई निकै गम्भीरतापूर्वक लिन्छौँ।

*यदि तपाइँसँग यहाँ उत्तर फेला नपरेका प्रश्नहरू छन् भने, कृपया communications@dpsk12.org मा इमेल गर्नुहोस्। हामी तपाइँको प्रश्नको उत्तर दिनका लागि काम गर्नेछौँ र यो दस्तावेजलाई तपाइँको प्रश्नको जबाफले अध्याबधिक गर्न जारी राख्नेछौँ।*